### मेलम्ची नदीको भिषण बाढि प्रभावको

# प्रारम्भीक अध्यायन प्रतिवेदन

### २०७८ साउन ०५ (२० जुलाई, २०२१)

### सिन्धुपाल्चोक , मेलम्ची क्षेत्र

**बाढि प्रभाव अध्यायनको प्रमुख उद्देश्य :**

यहि २०७८ असार १ गते साँझको भिषण वर्षाका कारणबाट मेलम्ची नदीमा आएको बाढिले के कती क्षति पुगेको छ त्यसमा मानवीय क्षति र बालबालिकाको क्षति तथा जोखिम अवस्थामा केन्द्रीत भई प्रारम्भीक अध्ययन गर्ने ।

**अध्यायनको चरण :**

**क) प्रारम्भीक चरण :** यहि २०७८ असार १ गते साँझको भिषण वर्षाका कारणबाट मेलम्ची नदीमा आएको बाढिले हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका भित्र भौतिक क्षति, मानवीय क्षति र बालबालिकाको क्षति तथा उनीहरुका जोखिम अवस्थामा केन्द्रीत भई र प्रारम्भीक चरण अध्यायन गर्ने कर्ा सम्पनन गरियो

## घटना विवरण :

**व्यक्तिगत भौतिक सम्पत्तिको क्षति :**

यहि २०७८ असार १ गते साँझको भिषण वर्षाका कारणबाट मेलम्ची नदिको शिर हेलम्बु गाउँपालिकाको वडा नं : ०१ भेमाथाङ भन्ने स्थानमा भिषण पहिरो गई मेलम्ची बजार सम्म आईपुग्दा करिब २३ किलोमिटर लम्बाई र करिब ३ सय मिटर चौडा सहितको प्रभाव फैलिएको पानीको लेदोको बहावबाट मेलम्ची नदी क्षेत्रका बासिन्दाहरुमा महाविपत्तीमा परेका देखएको छ ।

विनाशकारी बाढि र पहिरोको कारण हेलम्बु गाउँपालिका देखि मेलम्ची नगरपालिका भित्रको मेलम्ची बजार सम्म आइपुग्दा हजारौं रोपनी खेतीयोग्य जमिनहरु, सयौ घरहरु, दर्जनौं बजार तथा बस्तिहरु दर्जनौं व्यवशायिक माछा फर्महरु, व्यवशायिक तरकारी तथा कृषि फर्म, भैसी तथा बंगूर पालन फर्महरु र कुखुरा फर्म, दर्जनौं ब्लक निर्माण उद्योगहरु र हाडवेयर पसल र खाद्यन्न पसलहरु समेत छीनभरमै बगाएर लगेको देखियो । विशेष गरि नदीको किनारामा भएका हजारौं धान र मकै बालीहरु लगाइएका खेतहरु र बारी एकैरातमा तहसनहस भएर मेलम्ची नदीको क्षेत्र हेलम्बु गाउँपालिका वडा नं: १,२,३,४,६ र ७ सम्म र मेलम्ची नगरपालिका वडा न: ०६ , १० र ११ का मानिसहरु  एकाएक सुकुम्बासीमा परिणत भएको अबस्था देखियो ।यसको आर्थिक रुपान्तरण गर्दा करिब ५ अरब बराबरको भौतिक सम्पत्तिको क्षति भएको अनुमान रहेको छ ।

**मानवीय क्षति :**

**हेलम्बु गाउपालिका :**

मेलम्ची नदीमा २०७८ असार १ गते साँझमा मेलम्ची नदीमा आएको भिषण बाढिले करिब २ दर्जन मानिसहरुको वेपत्ता भएका छन् जस्मा क्रमश: हेलम्बु गाउँपालिका वडा नं : वडा नं ०२ बसोबास गर्ने माधब भण्डारी,गणेश ज्योती,हेलम्बु वडा नं :०३ टीका देवि खड्का  वडा नं : ०१ तस्विर तामाङ , ,सुनिल तामाङ,पुर्ण तामाङ वडा नं ०६ बसोवास गर्ने भिमप्रसाद भण्डारी, चेङा तामाङ नोर्की तामाङ,कामी तामाङ बसी काली तामाङ र वडा नः ०७ चनौटे

ज्ञानेन्द्र कक्षपति(सानु)  सिरसानी तामाङ  सुदिप थापा गिता थापाको छोरा जुगल गा.पा  सुरेन्द्र नेपाल हाल हेलम्बु गाउपालिका वडा नं १ मा ट्राउट माछा फर्ममा काम गर्ने लगाएत १६ जनाको ज्यान गएको छ भने अन्य नाम नखुलेका व्यक्तिहरु माछा फर्मका व्यक्तिहरु रहेका पनि बताईएको छ ।

## मेलम्ची नगरपालिका :

मेलम्ची नदीमा २०७८ असार १ गते साँझमा मेलम्ची नदीमा आएको भिषण बाढिले खासै मानविय क्षेति पुराएको छैन । त्यसका अलवा ३ वटा घट्ट बगाएको छ, १ वटा भैसि फर्म, १ वटा वंगुर फर्म, १ वटा माछा फर्म, १ वटा तरकारी उत्पादन फर्म, ४ वटा ब्लक कारखाना बगाएको जनाकारीमा आएको छ ।

यो पालिकामा विशेष गरि बुँमुल्य खेत र बारी बगाएको छ भने ठूला व्यवशायिक होटलहरु बगाएका छन् ठूला मोटरपुलहरु, कर्वर्डहल , व्यवशायिक पशलहरु र करोडौ पर्ने घरघडेरीहरु बगाएको अवस्था छ त्यसको मूल्यआकलन भने हुन वाँकी रहेको छ तर अरबौंको क्षतिहरु भएका छन् अफै बाढि र पहिरो रोकीको छैन ।

## सार्वजनिक सम्पतीको क्षति :

मेलम्ची नदीमा २०७८ असार १ गते साँझमा आएको भिषण बाढिले मेलम्ची नगरपालिका देखि हेलम्बु गाउँपालिकाको नाखुते गाउँसम्मको पहिरो क्षेत्रसम्म करिब २३ किलोमिटर लम्बाई करिब ३०० मिटर चौडाई क्षेत्र ओगटेर आएको बाढिले **हेलम्बु गाउँपालिकामा** : व्यत्तिगत सम्पत्ति, मानवीय क्षतिका अलवा सार्वजनिक क्षति समेत गरेको जस्मा : हेलम्बु ईलाका प्रहरी कार्यालय, ३ वटा मोटर पुल , ३ वटा झोलुङे पुल , १ वटा नीजी विद्यालय समेत बगाएको छ । भने १ वटा सामुदायिक विद्यालय जोखिममा परि पठनपाठन गर्न नसकिने भएको छ । त्यसै गरि **मेलम्ची नगरपालिकामा** : ३ वटा मोटरपुलहरु २ वटा झोलुङे पुलहरु, १ वटा कबर्डहल र सार्वजनिक बसपार्क र बसहरु समेत क्षेति भएको छ ।

## २०७८ असार ०१ विनाशकारी बाढिपहिरोबाट घरखेत गुमाएका र विचल्लीमा परेका बालबालिकाको तथ्यगत अवस्था

## विवरण : हेलम्बु गाउपालिका

| क्र. स | बाबुको नाम/आमा | ठेगाना | छोरी | उमेर | छोरा | उमेर | परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | दिल बहादुर थापा मगर<br>शिला थापा मगर | हेलम्बु वडा नं :०१ | सलिना थापा मगर | १२ वर्ष | सरोज थापा मगर | १० वर्ष | ४ जना |
| २ | यम बहादुर थापा मगर<br>मिना थापा मगर | हेलम्बु वडा नं :०१ | अनिता थापा मगर | १३ वर्ष | आयुष थापा मगर | १० वर्ष | ७ जना |
| ३ | ठूलो मिन बहादुर थापा मगर<br>सम्झना थापा मगर | हेलम्बु वडा नं :०१ | सुनिता थापा मगर | १५ वर्ष | सागर थापा मगर | ७ वर्ष | ५ जना |
| ४ | इन बहादुर थापा मगर<br>गिता थापा मगर | हेलम्बु वडा नं :०१ | सुस्मिता थापा मगर | ११ वर्ष | | | ६ जना |
| | | | सोनु थापा मगर | १० | | | |
| | | | प्रेनिका थापा मगर | ९ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | किरण थापा मगर<br>निशा थापा मगर | हेलम्बु वडा नं :०१ | करिश्मा थापा मगर | ७ वर्ष | | वर्ष | ४ जना |
| ६ | दिम बहादुर थापा मगर<br>चित्र कुमारी थापा मगर | हेलम्बु वडा नं :०१ | विनिता थापा मगर<br>मुना थापा मगर | १५<br>१२ वर्ष | | वर्ष | ६ जना |
| ७ | ब्यारसिग थापा मगर ( मृतक)<br>आमा नभएको | हेलम्बु वडा नं :०१ | | | रिजन थापा मगर | १० वर्ष | १ जना |
| ८ | मिन बहादुर थापा मगर<br>अन्जना थापा मगर | हेलम्बु वडा नं :०१ | | | सुजना थापा मगर<br>सुमन थापा मगर | १२ वर्ष<br>१० वर्ष | ४ जना |
| ९ | सुरज थापा मगर<br>चमेली थापा मगर | हेलम्बु वडा नं :०१ | | | विकाश थापा मगर<br>विशाल थापा मगर | ९वर्ष<br>६वर्ष | ४ जना |
| १० | दिपक थापा मगर<br>सुस्मिता थापा मगर | हेलम्बु वडा नं :०१ | दिपिका थापा मगर | ६वर्ष | | | ६ जना |
| ११ | अर्जुन भुजेल<br>मैया भुजेल | हेलम्बु वडा नं :०७ | लक्ष्मी भुजेल | ५वर्ष | | | ३ जना |
| १२ | गोकुल भण्डारी | हेलम्बु वडा नं :०२ | | | शन्देस भण्डारी | १० | ४ |
| १३ | माधव भण्डारी (मृतक)<br>रिता भण्डारी | हेलम्बु वडा नं :०२ | | | रियान भण्डारी | ४ | ४ |
| १४ | चेङा तामाङ (मृतक)<br>काली तामाङ (मृतक) | हेलम्बु वडा नं :०७ | | | छेवाङ तामाङ | १६ | १ |
| १५ | डिल बहादुर कुँवर | हेलम्बु वडा नं :०२ | इशोधा कुँवर (छोरी) | १८ | | | |
| | | | | | रोशन कुँवर (छोरा) | १३ | |
| | | | | | रुद्र कुँवर (छोरा) | ५ | |
| १६ | मेघ बहादुर कुँवर | हेलम्बु वडा नं | दिपेश कुँवर (छोरा) | ८ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | :०२ | | | | | |
| १७ | तेप बहादुर कुँवर | हेलम्बु वडा नं :०२ | | | आकास कुँवर (छोरा) | १४ | |

**मेलम्ची बाढि र पहिरोबाट  प्रभावित वक्तिहरुको गुनासो :** यहि २०७८ असार १ गते साँझको भिषण वर्षाका कारणबाट मेलम्ची नदीमा आएको बाढिले हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका भित्र भौतिक क्षति, मानवीय क्षति र बालबालिकाको क्षति तथा उनीहरुका जोखिमी अवस्थामा केन्द्रीत भई र प्रारम्भीक अध्ययायन गर्ने  उद्देश्यले अध्यायन गर्न जाँदा बाढि पिडित व्यक्तिहरुले दुखका साथ केहि महत्वपूर्ण गुनासोहरु राखेका छन ।

- क्षति निकै ठूलो छ तर पनि हामी घर र खेतबारी बगाएका  व्यक्तिहरुलाई गरिखाने जीवीकोपार्जन गर्ने वैकल्पीक व्यवशायमा साहायता गरिदिनु अनुरोध गरेका छन् ।
- मेलम्ची नदीमा आएको बाढि र पहिरोबाट काम गर्न सक्ने परिवारको हर्ताकर्ता गुमेको छन तीनका परिवारका सक्षम सदस्यहरुलाई सरकारि तथा गैरसरकारी क्षेत्रका कार्यालय तथा कम्पनीहरुमा रोजगार दिन सकेमा दीगो रुपमा परिवार पालनपोषण गर्न, गराउँन सहज हुने छ ।
- मेलम्ची नदीमा आएको बाढि र पहिरोबाट अभिभावक गुमाएका बालबालिकाकहरुको पालनपोषण शिक्षा दिक्षा दिने व्यवस्था मिलाउँन सकेको ती बालबालिकाहरु कसैको दाश बन्नु पर्ने वाध्यता सिर्जना हुने अवस्था आउँने थिएन ।
- घरबार बिहिन अवस्थामा बालबालिका सुरक्षित नहुने देखिएकोले उनीहरुलाई सरकारी वा गैरसरकारी अस्थायी सेल्टरहरुमा शिक्षा दिक्षा सहित बसोबासको व्यवस्था गर्दा उत्तम देखिएको छ ।
- बढि पहिरोका कारण बाबुआमा गुमएका र घरवारविहिन भएका बालबालिकाहरु ऋलपत्रमा पर्ने, सुरीत बसोबास नहुने र खाने बस्ने समेत अभाव बढिरहेका हुनाले सो बालबालिकाहरु झैन हिंसामा पर्ने, सडकमा आउँने र बेचविदन समेत हुन सक्ने खतरा बढिरहेकोले उनीहरुका सुक्षित अवतरण गर्ने कार्यक्रम तत्काल आवश्यक देखिएको छ ।


## साझेदारी नेपाल (पार्टनर्सीप नेपाल)

**सिन्धुपाल्चोक, मेलम्ची क्षेत्र**

**सम्पर्क : ९८५१०१३८२९**